## नमुना प्रश्न-७
## विषय : नेपाली - १२

**पूर्णाङ्क : ७५**

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**

१. तल दिइएका शब्दको अक्षर संरचना र संख्या समेत देखाउनुहोस् । **३**
पञ्चरत्न , सङ्घर्षशील, भौतिक

**२. शुद्ध गरी पुनर्लेखन गर्नुहोस् । ३**
गुरुले भन्नूभयो, बिश्वमान चित्रमा अङ्कीत हाम्रो देस सानो भएपनि ठुलो छ ।

**३. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** २
**(क) दिइएका अंशबाट एकओटा पारिभाषिक शब्द र एकओटा अनुकरणात्मक शब्द पहिचान गरी वाक्यमा प्रयोग गर्नुहोस् ।**

सधैँ झगडा गरिरहने छिमेकी आज पनि टुप्लुक्क आइपुगेर बाझ्न थालेपछि दिक्क भएर रामप्रसादले उसका बिरुद्ध फौजदारी अभियोग लगाई प्रहरीमा उजुरी दिने विचार गऱ्यो ।

**(ख) दिइएको अनुच्छेदबाट एउटा उखान र एउटा टुक्का पहिचान गरी तिनलाई वाक्यमा प्रयोग गर्नुहोस् ।**

देशमा कोरोनाको महामारीले सबै क्षेत्र अस्तव्यस्त हुँदा पनि हरिलाई केही नभए जसरी बसिरहेको थियो । ऊ आफ्नो कृषि कर्ममा यति मग्न थियो कि काग कराउँदै गर्छ पिना सुक्दै गर्छ भनेझैँ एकोहोरो काम नै गरिरहेको थियो । अरु मान्छे छाक टार्न पनि मुस्किल भयो भन्दै थिए तर ऊ आफ्नो गाँस काटेर सहयोग गरिरहेको थियो । उसले अरुलाई मन फुकाएर सहयोग गरेको देखेर सबै छक्क परेका थिए । सानै उमेरदेखि यस्तो राम्रो कममा लागेको देखेर सबैले उसलाई हुने बिरुवाको चिल्लो पात भन्दै थिए ।

**४. रेखाङ्कन गरिएका पदहरुको शब्दवर्ग पहिचान गरी लेख्नुहोस् :३**

पृथ्वी गोलो छ भन्ने कुरा पृथ्वीमा बस्ने कुनै पनिप्राणीलाई थाहाछैन ।

**५. तलको अनुच्छेदबाट दुईओटा तद्भव शब्द र दुईओटा आगन्तुक शब्द पहिचान गरी लेख्नुहोस् : २**

तिनीहरू सधैँ हात धुन्छन् । तिनीहरू दाँत माझ्ने र नुहाउने काम पनि गर्छन् । दाँत माझ्न प्रयोग गरिने ब्रस र टुथपेस्ट अनि नुहाउन प्रयोग गरिने साबुन र स्याम्पु राम्रो हुनु जरुरी छ । बिहान, बेलुका ब्रस गर्ने गर्दा राम्रो हुन्छ ।

**६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ३**

**(क) तलको अनुच्छेदबाट तीनओटा उपसर्ग व्युत्पन्न शब्द र तीनओटा प्रत्यय व्युत्पन्न शब्द पहिचान गरी तिनको निर्माण प्रक्रिया समेत देखाउनुहोस् ।**

हिमाली राज्यका मान्छेहरू अज्ञानी हुन्छन् भन्ने कुरा असत्य हो । जो बुझक्कड छ , त्यो जहाँ जन्मे पनि चेतनशील नै हुन्छ । ज्ञानको विजय र पराजय वा सम्मान र अपमान भूगोलले निर्धारण गर्दैन भन्ने कुरा स्मरणीय छ । बसाहा र सुताहा अल्छीहरूका लागि भने कुनै उपाय छैन ।

**(ख) तलको अनुच्छेदबाट तीनओटा समस्त शब्द पहिचान गरी विग्रह गर्नुहोस् र तीनओटा द्वित्व शब्द पहिचान गरी दोहोरिएको अंश छुट्याउनुहोस् ।**

हिजोआज हत्याहिंसा तथा झैँझगडाका धेरथोर घटनाहरू दिनदिनै सुनिन्छन् । त्रासयुक्त हृदय विदारक घटनाहरुले गाउँसहर जताततै चिन्तैचिन्ता छाएको छ । दुःखसुखले कामसाम नगर्ने शान्तिप्रिय जनताहरू अश्रुधारा बगाउँदै मनमै सोच्दा हुन् ! नयाँ नेपाल कहिले देख्न पाइन्छ ।

**७. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ४**

**(क) तलको अनुच्छेदमा रेखाङ्कन गरिएका पदहरूको कारक पहिचान गरी लेख्नुहोस्** :

प्रतापले कैँचीले रिबन काट्यो । दाइले उसलाई मुक्तिनाथबाट ऊनीका लुगा ल्याइदिनु भएको छ । उसले आफ्ना किताबहरूदराजमा राखेको छ । आमाले उसलाई पत्रिका पढ्न लगाउनुभयो । बुबाले आरनबाट निकालेको कोदालीले बारी खन्नुभयो । उहाँहरू आफ्नो इज्जतका लागिअत्यन्त सजग हुनुहुन्छ ।

**(ख) तलको अनुच्छेदका वाक्यलाई आदर मिलाई पुनर्लेखन गर्नुहोस् :**

आमाले मेरालागि ताजा तरकारी पठाइदिएको छ ।आमाले मलाई असाध्यै माया गर्छ । आमासँग मेरो बहिनी पनि बस्नुहुन्छ । बहिनी अहिले दस कक्षामा पढ्छन् । बहिनी मिलनसार हुनुहुन्छ । शिक्षकहरू बहिनीलाई माया गर्छ । बुबाले पनि बहिनीलाई माया गर्छ । तिमीहरू के गर्छ ?

**८. कुनै एक प्रश्नको उत्तर दिनुहोस् : ४**

**(क) तल दिइएको अनुच्छेदलाई भूतकालको अज्ञात पक्षमा परिवर्तन गरी पुनर्लेखन गर्नुहोस्** :

डाक्टर गोदत्तप्रसादले आफू विवाहित र छोराछोरीको बाबु हुँ भन्ने पनि बिर्सिए । उनी नानीथकुँका घरमा धाउन थाले । उनीहरू एकान्तमा भेट्ने र कुराकानी गर्न थाले । त्यो कुरा थाहा पाएर शिवनारानले नानीथकुँलाई सम्झाए ।

**(ख) सम्भावनार्थक क्रियापदको प्रयोग गरी चार वाक्यमा साथीले भविष्यमा गर्ने कामको बारेमा लेख्नुहोस् ।**

**९. कुनै एक प्रश्नको उत्तर दिनुहोस् । ४**

**क) तलका चारओटा जटिल वाक्यलाई आठओटा सरल वाक्यमा परिवर्तन गर्नुहोस् :**

जहाँ काफल पाक्यो त्यहाँ चरी नाच्यो ।
जो विद्वान छ उसलाई सबैले मन पराउँछन् ।
जसले मह काट्छ उसले हात चाट्छ ।
जो दौडिन्छ उही प्रथम हुन्छ ।

**(ख) तलका वाक्यलाई अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुहोस् :**

छोराले भन्यो, “बुबा, आमा कहिले आउनुहुन्छ ?”
बुबा, “अब केही दिनमै आउनुहुन्छ ।”
छोरा, “अझै एक्लै बस्नु ? छिटो बोलाउनुहोस् न आमालाई ।”
बुबा, “हुन्छ, म छिटै बोलाउँछु ।”

**१०. दिइएको अनुच्छेद पढ्नुहोस् र सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् : ५×१=५**

साँच्चि नै विदेशमा नेपालीलाई परेको समस्या सुनाउने स्थान र समाधानका लागि सल्लाह लिन सक्ने एउटै मात्र थलो दूतावास नै हुन्छ । मानौं उनीहरू सानातिनादेखि ठूला र गम्भीर समस्याहरू दूतावासमा सुनाएपछि सहज रूपमा सुल्भिन्छ भन्ने मनोविज्ञान लिएर आउँछन् । दूतावास नै आफ्नो आमाको दोस्रो रूप जस्तै ठान्छने । विदेशमा पुगेकाले जसरी हरदुःखमा आमा भनेर पुकारिन्छ र सम्भिने गरिन्छ । हुन त यो मेरो अभिव्यक्ति हो । त्यसैले म जस्तै अरूले सम्भिन्छन् कि सम्भिदैनन् दुःखमा आफ्नी आमालाई तर म भने आपत्‌विपत् र दुःखमा जहिले पनि सम्भिन्छु आफ्नी आमालाई । त्यस्तै प्रकारले विदेशमा भएका नेपालीको आमाको रहेको हुन्छ नेपाली दूतावास । दूतावासको उपस्थिति नभएका देशमा आफ्ना समस्या पिरमर्का र मनको बह पोख्ने स्थान कहीँकतै हुँदैन । कम्तीमा आफ्नै देशका दाजुभाइलाई आफ्नै भाषामा आफ्ना समस्या सुनाउँदा मात्र पनि हलुका अनुभव हुन्छ । यिनै मानवीय कोणबाट सोचेर चुपचाप समस्या सुन्ने र सकेसम्म पलमपट्टी लगाउने खालका कुरा गरेर सम्भाउने र बुझाउने काम गर्नेतर्फ लाग्नुपऱ्यो । कतारमा । यसरी कहिल्यै नभोगिएका कहिल्यै नसुनिएका र कहिल्यै नसोचिएका विचित्र किसिमका कामबारे सल्लाह तथा सुझाव दिन बाध्य हुनुपऱ्यो कतारमा ।

**प्रश्नहरू:**

(क) दूतावासले के काम गर्छ ?

(ख) किन दूतावासलाई आमासँग तुलना गरिएको हो ?

(ग) दूतावासको उपस्थिति नभएका देशमा कस्ता समस्या हुन्छन् ?

(घ) के गर्न पाउँदा मन हलुका हुन्छ ?

(ङ) लेखकले कतारमा कसरी काम गर्नुपऱ्यो ?

**११. दिइएको अनुच्छेद पढी मुख्य मुख्य चारओटा बुँदा टिप्नुहोस् र एक तृतीयांशमा सार लेख्नुहोस् : २+३=५**

जिज्ञासा नै ज्ञानको बीज हो । जिज्ञासा वृत्तिलाई विकसित गर्नु र त्यसमा उत्तम संस्कारको स्थापना गर्नुमा नै शिक्षाको उपयोगिता रहेको हुन्छ । यसै कारणले जुन शिक्षाले मानवका सद्‌वृत्तिको जागरण गर्दैन, जससले मानवलाई भोगप्रधान प्रेयोमार्गबाट कल्याणप्रधान श्रेयोमार्गतर्फ लग्दैन, मानव मनमा पसेर मानवलाई एक श्रेष्ठ जीवनस्वप्नले भरिदिँदैन त्यो शिक्षा होइन, सारक्षरता मात्र हो । आज यस किसिमको साक्षरता नै संसारका अनेक जटिल समस्याको कारण बन्न पुगेको छ । यस कारण शिषा हाम्रो धर्म र संस्कृतिको अनुकूल हुनैपर्छ । विद्यार्थीले विद्यालयमा मात्र सबै कुरा सिक्छन् भन्नु ठुलो भुल हुन जान्छ । बालक परिवारमा, बाटामा, मित्रसम्पर्कमा र सर्वत्र केही न केही सिकिरहेको हुन्छ । यस कारण समाजको वातावरण आजको जस्तो दूषित हुनुहुँदैन । समाजको वातावरणको परिष्कार गर्नु अत्यन्त आवश्यक छ । यसको लागि अर्थप्रधान जीवनदृष्टिको स्थापना अत्यन्त आवश्यक हुन आउँछ । कर्तव्यप्रधान जीवनदृष्टिको निर्माण संस्कृतिमूलक शिक्षाबाट हुने गर्छ । यस्तो शिक्षाबाट मानव असल त हुन्छ नै साथै सफ पनि हुन्छ ।

**१२. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ४**

(क) धुन्चे पुस्तक पसल रसुवाले विभिन्न पुस्तक माग गर्दै साझा पुस्तक भण्डार पुलचोक ललितपुरलाई लेख्ने व्यावसायिक चिठीको नमुना तयार पार्नुहोस् ।

(ख) ललितपुर नगरपालिकाले सञ्चालन गरेको एकदिने सिलाइ कटाइ तालिममा प्रशिक्षकका रूपमा कार्य गरे बापतको भत्ता रकम प्रशिक्षक रामबहादुरले बुझी लिएको भर्पाईको नमुना तयार पार्नुहोस् ।

**१३. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ५**

(क) जनता मा.वि., काठमाडौँले आयोजना गरेको वनभोज कार्यक्रमका विवरण समेटी १५० शब्दसम्मको प्रतिवेदन तयार पार्नुहोस् ।

(ख) 'बेरोजगारी समस्या' शीर्षकमा १५० शब्दसम्मको टिप्पणी लेख्नुहोस् ।

**१४. कुनै एक प्रश्नको व्याख्या गर्नुहोस् : ४**

(क) नारी प्रेम र सङ्घर्षका प्रतिमूर्ति हुन् ।

( ख) मर्नैपर्छ भने पनि पर पुगी मरौँ
नझुक्ने यो हिमालमा किन झुकी मरौँ ।

**१५. कुनै एक प्रश्नको उत्तर लेख्नुहोस् : ४**

**(क) तलको कविताांश पढी सोधिएका प्रश्नको छोटो उत्तर दिनुहोस् ।**

हो र आमा !
"हो , तिमी जन्मँदा तिम्रो कलिलो अनुहारमा
त्यसकै छाया देख्ने आशा गरेकी थिएँ
तिम्रो हिस्सी परेको हँसाइमा त्यसैको सुन्दर छवि
तिम्रो तोते बोलीमा त्यसैको मधुर ध्वनि
तर त्यो मिठो गीतले तिमीलाई
आफ्नो बाँसुरी बनाएनछ !
त्यो तिमी नै हौला भन्ने

मेरो यौवनभरिको सपना थियो ।”

(अ) आमाको सपना के थियो ?

(आ) ‘त्यो मिठो गीतले तिमीलाई आफ्नो बाँसुरी बनाएनछ ’ भन्नुको तात्पर्य के हो ?

(ख) तल दिइएको नियात्रांश पढी सोधिएका प्रश्नहरूको छोटो उत्तर दिनुहोस् ।

जोगबनीदेखि धरानसम्मको अलकत्रे अलकत्रे बाटालाई धिक्कार्दै र भादगाउँदेखि बाह्रबिसेसम्मको फराकिलो कालो बाटालाई सराप्तै हामी ठसठस कनिरह्यौँ । सिंहदरबाट अगाडिको चिप्लो बाटो त्यहाँ थिएन, न त्यहाँ भैरवहाबाट बुटवल जाँदा जस्तो तेर्सो सोझो बाटो नै थियो । त्यहाँ त चुच्चे ढुङ्गाहरू पहरामा तेर्सिएका थिए काला रुखका छायामा कच्पल्टिएर पसिनाले निथ्रुक्क भिजेर हामी छ जना अभागी आकाशतर्फ उचालिइरह्यौं, उचाइलिइरह्यौं ।

निल आर्मस्ट्रङलाई त्यति फिटफिटी परेन होला किनभने चन्द्रमामा पुग्दा उनीहरुसित यथेष्ट वैज्ञानिक उपकरण उपलब्ध थिए । हामी भने पानीसमेत नपाएर रोयौँ । निकै माथि पुगेपछि दुइटा पानीका कुला भेटिँदा स्वर्ग पुगेको अनुभव भयो । मरुभूमिका यात्रीले एक्कासि मरुद्यान भेटे झैँ हामी फूलेल भयौँ ।

प्रश्नहरू:

(अ) घनघस्याको उकालो चढ्दा अन्य विभिन्न ठाउँका सडकलाई सराप्नुपर्ने कारण के हो ?

(आ) निल आर्मस्ट्रङलाई किन चन्द्रमामा पुग्न फिटफिटी परेन ?

**१६. कुनै एक प्रश्नको उत्तर दिनुहोस् :** **४**

(क) गोर्खे कथामा पेशल र सतपालमध्ये कसको मुख्य भूमिका रहेको छ, तर्कसहित आफ्नो प्रतिक्रिया व्यक्त गर्नुहोस् ।

(ख) तपाईंलाई छिरिङसँगको वार्ताका आधारमा तयार पारिएको जीवन मार्ग कस्तो लाग्यो, तर्कसहित आफ्नो विचार लेख्नुहोस् ।

**१७. कुनै एक प्रश्नको समीक्षात्मक उत्तर दिनुहोस् :** **८**

(क) आफ्नो दृढ सङ्कल्प पूरागर्न मानिस जतिसुकै सङ्घर्ष गर्न पनि तयार हुन्छ भन्ने कुरा ‘विरहिणी दमयन्ती’ कथाका आधारमा पुष्टि गर्नुहोस् ।

(ख) ‘एक चिहान’ उपन्यासमा हर्षनारान र पुतली तथा नानीथकुँ र रामखेलावन राउतका बीचको विवाहबाट उपन्यासले के सन्देश दिन खोजेको छ , समीक्षा गर्नुहोस् ।

**१८. दिइएकामध्ये कुनै एक शीर्षकमा २५० शब्दसम्मको निबन्ध लेख्नुहोस् । ८**

(क) कला र संस्कृतिः हाम्रो सम्पत्ति

(ख) मलाई मनपर्ने साहित्यकार

(ग) सीपमूलक शिक्षा : आजको आवश्यकता